# सुर्नया गाउँपालिका
## Surnaya Gaupalika
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive

रौलेश्वर, बैतडी
Rauleshwar, Baitadi
२०७३

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal


प.सं.(Ref. No): २०८२/८३
च.नं.(Des. No):

मिति: २०८२/०७/२८

**विषयः कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको सम्वन्धमा ।**

यस सुर्नया गाउँपालिकाका अध्यक्ष श्री अम्मर वहादुर कुँवरको अध्यक्षतामा मिति २०८२ कार्तिक २८ गते सम्पन्न भएको कार्यपालिका बैठकले गरेका निर्णयहरु सार्वजनिक गरिएको छ ।

**बैठकबाट पारित निर्णयहरु**

जेन जेड तथा जेन वाई समूह, सुर्नया गाउँपालिका, वैतडीको मिति २०८२/०६/२४ गतेको "गाउँपालिकामा भएको तालावन्दीका मागहरु सम्वोधन गरि तत्काल समाधान गरिदिने" विषयको ११ बुँदे मागको पत्रको सम्वन्धमा मिति २०८२ कार्तिक २८ गते गाउँपालिका अध्यक्ष ज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी बुँदागत रुपमा भएको वृहत तथा गहन छलफलको आधारमा निर्णयको लागि पेश गरिएका ११ बुँदा मध्ये तपशिलका बुँदाहरुमा देहायको निर्णय गरि जानकारी का लागि सार्वजनिक गरियो ।

**निर्णयहरु:**

१. महालेखा परीक्षकको प्रतिवेदनअनुसार गाउँपालिकाबाट असुल गर्नुपर्ने रकम तुरुन्त असुल गरी सार्वजनिक गर्नुपर्ने ।
   - महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण प्रतिवेदनबाट असुल उपर गर्ने भनि उल्लेख गरेको बेरुजु रकम सम्बन्धित व्यक्ति/निकायवाट कानुनी प्रक्रिया अनुसार असुलउपर गर्न पत्राचार गर्ने, कार्यालयले भुक्तानी गर्नुपर्ने रकम भए सो बाट कट्टी गरि असुल गर्ने र असुल गरिएको रकमको विवरण सरोकारवालाको जानकारीको लागि माघ मसान्त सम्म सार्वजनिक गर्ने निर्णय गरियो ।

२. भूउपयोग तथा वातावरण अतिक्रमण रोक्न तत्काल अनुसन्धान र परीक्षण प्रक्रिया सञ्चालन गर्नुपर्ने ।
   - सुर्नया गाउँपालिकाले भुउपयोग नीति तर्जुमा गरिसकेको अवस्थामा सोही नीति अनुसार तुरुन्त वन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका



CamScanner

सरोकारवाला निकाय सँग आवश्यक सहकार्य र समन्वय गरि वन तथा वातावरण अतिक्रमण रोक्ने तथा प्रभावकारी कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

३. मदिरा बिक्री वितरण ऐन अनुसार कार्यान्वयन सुनिश्चित गर्नुपर्ने ।

- प्रचलित कानुन बमोजिम मदिरा बिक्रि बितरण कार्यलाई व्यवस्थित तथा नियमन गर्न पालिका स्तरीय र वडा स्तरीय अनुगमन गर्ने र नियमानुसार कार्यान्वयन गर्न/गराउन तथा जानकारीको लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो ।

४. वडा स्तरमा सामाजिक परीक्षण (Social Audit) तुरुन्त सञ्चालन गर्नुपर्ने ।

- सुर्नया गाउँपालिकाको १ नं. वडा कार्यालय देखि ८ नं. वडा कार्यालयको सामाजिक परीक्षण गाउँपालिकाको समन्वयमा मंसिर महिनाको २० गते देखी सुरु गरी पुस ५ गते सम्ममा सम्पन्न गर्ने निर्णय गरियो ।

५. जेनजेड आन्दोलनमा बैतडी जिल्लाबाट सहिद भएका युवाका परिवारलाई तत्काल राहत उपलब्ध गराउनुपर्ने ।

- नेपालमा मिति २०८२ भदौ २३ र २४ गते देशव्यापी रूपमा भएको जेन्जी आन्दोलनमा बैतडी जिल्ला शिवनाथ गाउँपालिका निवासी सहिद स्व. दिपक सिंह साउँदको परिवारलाई २५ हजार रुपैया आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

६. २०७४ सालदेखि अहिलेसम्म संघ, प्रदेश र स्थानीय तहबाट विनियोजन भएका सबै आयोजना, विषयगत कार्यक्रम र खर्चहरूको विवरण सार्वजनिक गरी स्वतन्त्र छानबिन समिति गठन गर्नुपर्ने ।

- सुर्नया गाउँपालिकाले विभिन्न आर्थिक वर्षमा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमको कार्यक्रमगत/श्रोतगत बजेट विनियोजन र खर्च विवरण सरोकारवालाको जानकारीको लागि कार्यालय संचालन भए लगत्तै कार्यान्वयन प्रकृया सुरु गरि सार्वजनिक गर्ने निर्णय गरियो । साथै छानविन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको छानविन समिति यहि पुसमा हुने हिउदे अधिवेशनबाट कानुन बमोजिम विज्ञ समेत समावेश गरि गठन गर्ने निर्णय गरियो ।



CamScanner

७. युवाको क्षेत्रमा बजेट विनियोजन गरी तत्काल गाउँपालिका स्तरमा युवा परिषद गठन गर्नुपर्ने ।

- सुर्नया गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि सुर्नया गाउँपालिका गाउँ युवा परिषद कार्यविधि तर्जुमा गर्ने र सोही कार्यविधि अनुसार गाउँ युवा परिषद गठन गरि सञ्चालन तथा व्यवस्थापन गर्ने र युवा क्षेत्रमा युवाहरुकालागि रोजगारी श्रृजना गर्न (यो आर्थिक बर्षमा बजेट विनियोजन भइसकेकोले) अर्को बर्षमा थप बजेट विनियोजन गर्ने गरी यो बर्षका लागि आउदो हिउँदे अधिवेशनबाट कम्तिमा रु २००००००(अक्षेरुपी बीस लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

८. शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात, विपद् र खानेपानी जस्ता अतिआवश्यक योजना तत्काल कार्यान्वयन गर्नुपर्ने ।

- शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात, विपद् र खानेपानी जस्ता अतिआवश्यक योजना तथा कार्यक्रम सञ्चालनको विषयमा अति आवश्यक योजना तथा कार्यक्रम पहिचान गरि बिनियोजित बजेटको आधारमा कार्ययोजना तयार गरि कार्यालयमा सेवा प्रवाह सुचारु भएलगत्तै कार्यान्वयन गर्ने निर्णय गरियो ।

९. पालिकामा सञ्चालन भएका तथा ठेक्का आह्वान भएका योजनाहरू निर्धारित समयमै सम्पन्न गरिनुपर्ने ।

- सशर्त, समपुरक, विशेष, समानिकरण अनुदानको रुपमा संघ र प्रदेश सरकारबाट प्राप्त योजनाहरु तथा पालिकाबाट सञ्चालन गरिएका योजनाहरु समयमै सम्पन्न गर्न र सुस्त गतिमा निर्माण कार्य भैरहेका निर्माण कार्यको हकमा निर्माण व्यवसायीलाई निर्धारित समयमै सम्पन्न गर्न पत्राचार गर्ने निर्णय गरियो ।

१०.करार कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

यस सुर्नया गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको पुष मसान्त सम्मका लागि मात्र करार सम्झौता रहेकोमा तत्पश्चात करार म्याद थप गर्दा कार्यक्रम समाप्त



CamScanner

सुर्नया गाउँपालिका
Surnaya Gaupalika
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
रौलेश्वर, बैतडी
Rauleshwar, Baitadi
२०७३
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं.(Ref. No): २०८२/८३
च.नं.(Des. No):

भई पारिश्रमिक नआएका र दरबन्दि नभएका कर्मचारीहरुको सम्बन्धमा अर्थ मन्त्रालयको च.न. ११८ मिति २०८२/०६/०७ गतेको, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ११३ मिति २०८२/०६/०८ गतेको र श्रम तथा रोजगार मन्त्रालयको मिति २०८२/०२/०१ गतेको पत्रहरुबमोजिम आवश्यक कारबाही गरी गाउपालिकामा आवश्यक नरहेका कर्मचारीहरुको स-सम्मान बिदाई गर्ने निर्णय गरियो ।

११. खेलकुद मैदानका लागि बजेट विनियोजन सम्बन्धमा ।

यस सुर्नया गाउँपालिकामा खेलमैदान आवश्यक रहेको कुरालाई मध्यनजगर गर्दै खेलकुद मैदान निर्माणका लागि पुसको अधिवेशनबाट आवश्यक बजेट विनियोजन गरी पालिका स्तरिय खेलकुद मैदान निर्माण गर्ने निर्णय गरियो।

१२.उल्लेखित [redacted] बुँदाहरुमा [redacted] छलफल गरि वार्ताको माध्यमबाट समाधान गर्न जेन जेड तथा जेन वाई समूह, सुर्नया गाउँपालिका, बैतडीलाई अधिकतम ३ जनाको आधिकारिक वार्ता टोली गठन गरि वार्ताको लागि आजैका मितिमा गाउँपालिकामा पठाउन आग्रह गर्ने निर्णय गरियो ।

..................
(प्रताप महरा)
प्रवक्ता

*उल्लेखित निर्णयहरु गर्दै गाउँ कार्यपालिकाको २०८२ कार्तिक २८ गतेको बैठक सम्पन्न भएको जानकारी गराईन्छ ।*

*धन्यवाद !!*



CamScanner